आज मिति २०८३ साल जेठ २९ गते विहान ८:०० बजे सोमवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ७५ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | लेखा अधिकृत छैटौं | ठाँटीकाँध गापा दैलेख | |
| ३ | | | | |

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०२/२९ गतेको ७५ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं.२

वडा तहमा वार्षिक सार्वजनिक सुनुवाई सञ्चालन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३

रकमान्तर तथा योजना र कार्यक्रम संशोधन सम्वन्धमा ।

प्रस्ताव नं ४

आगामी आर्थिक वर्ष ०८३।०८४ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि कार्यतालिका स्वीकृत गर्ने सम्वन्धमा ।

सम्वन्धमा ।

प्रस्ताव नं ५

अन्य विविध समसायिक विययहरु

क. विजारे धनकोट सडकको ट्र्याक ओपनमा अपुग रकम व्यवस्थापन सम्वन्धमा ।

ख.श्री ज्योति फाउण्डेशनलाई कर्णाली छोरी सम्मेलनका लागि सहयोगमा प्रदान गर्ने सम्वन्धमा ।

ग.धरौटी रकम रोक्का सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन बारे समिक्षा भयो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनमा तदारुकता कायम गर्न गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिकाका सबै वडा कार्यालयहरुले चालु आ व २०८२।०८३ मा प्रवाह गरेको सेवा,कार्यान्वयन गरेका योजना तथा कार्यक्रम र त्यसको प्रभावकारिता तथा सुझाव संकलनका लागि मिति २०८३।०३।११ गतेदेखि ऐ २० गतेसम्म वडा तहमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने,सार्वजनिक सुनुवाई कार्यक्रमका लागि आयोजना व्यवस्थापनमा कट्टी गरिने रकमबाट प्रति वडा रु २५ हजारका दरले खर्च गर्ने गरी प्रकृया अगाडी वढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आ व ०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रमबाट देहाय अनुसार रकमान्तर गरी चालु तथा पुँजीगत प्रकृतिका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१.चालु खर्च तर्फ

| क सं | स्वीकृत खर्च शीर्षक | विनियोजित रु | रकमान्तर गरिने शीर्षक | रकमान्तर हुने अपुग रकम रु | पहिला विनियोजन भएको रकम रु | रकमान्तरपछि कायम हुने रकम रु |
|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी सेवा सुविधा | १२७१००० | गा पा स्थायी कर्मचारी तलब भत्ता | २९४७००० | २ करोड | २२९४७००० |
| २ | विभिन्न पदपुर्तिका लागि कर्मचारी बैठक | १२६००० | | | | |
| ३ | कर्मचारी कल्याण कोष | ५००००० | | | | |
| ४ | स्मार्टवोर्ड खरिद | ३००००० | | | | |
| ५ | गाउँपालिकामा कार्यरत करार कर्मचारीको तलब भत्ता र पोषाक | ३००००० | | | | |
| ६ | प्रहरी चौकि व्यवस्थापन | १००००० | | | | |
| ७ | वार्षिक योजना किताब छपाई | ३५०००० | | | | |
| ८ | प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन तथा संचालन खर्च | १०००००० | विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मिको तलब भत्ता | ८२०००० | १२०००००० | १२८२०००० |
| ९ | घुम्ति शिविर मार्फत वडा कार्यालयमा सामाजिक सुरक्षा वितरण | २५००० | सामाजिक सुरक्षा भत्ता वितरणका लागि आईरीस मेशिन खरिद | ७५००० | | ७५००० |
| १० | पुर्ण सामाजिक | ५०००० | सामाजिक | | | |

उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुरक्षा सुनिश्चित पालिका घोषणा | | सुरक्षा भत्ता वितरणका लागि आईरीस मेशिन खरिद | | | |
| ११ | जनता संग अध्यक्ष कार्यक्रम | ३००००० | कृर्षि फर्मलाई अनुदान कार्यक्रम | | | ३००००० |
| १२ | मेशिनरी औजार तथा मर्मत तथा संचालन खर्च भुक्तानी बाँकि | २३००० | कार्यालय व्यवस्थापन खर्च वडा नं २ | | | |
| १३ | कार्यालय व्यवस्थापन तथा ल्याबटप खरिद | १५८७५० | न्यायिक समिति सँग जनप्रतिनिधि तथा नागरीक अन्तरक्रिया कार्यक्रम | १२०००० | | १२०००० |
| | | ३८७५० | न्यायिक समिति बिविध खर्च | | | ३८७५० |
| १३ | कार्यालय व्यवस्थापन | २३००० | ल्याब टप प्रिन्टर खरिद | २३००० | १६७००० | १९०००० |
| १४ | पशुसेवा सम्वन्धी औषधि खरिद | १६००० | विपत सम्वन्धि विभिन्न क्रियाकलाप संचालन | १७००० | १६००० | ३३००० |

१.पुंजीगत खर्च तर्फ

| क्र सं | स्वीकृत योजना तथा कार्यक्रम | विनियोजित रु | रकमान्तर गरिने योजना तथा कार्यक्रम | रकमान्तर हुने अपुग रकम रु | पहिला विनियोजन भएको रकम रु | रकमान्तरपछि कायम हुने रकम रु |
|---|---|---|---|---|---|---|
| १ | लेखा शाखामा मोटरसाईकल खरिद | ४००००० | श्री मिजरपानी देखि देउतीथान माथिल्लो दमाहाँखेत सिचाइ कुलो मर्मत योजना | २९९९००।०० | ७००००० | ९९९९००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | श्री सिनेडि देखि तल्लो तडिखेत कुलो निर्माण गा पा सझेदारी योजना | ५००००० | श्री मिजरपानी देखि देउतीथान माथिल्लो दमाहाँखेत सिचाँई कुलो मर्मत योजना | | ५००००० | ५००००० |
| ३ | श्री सिनेडि देखि तल्लो तडिखेत कुलो निर्माण सझेदारी योजना | २००००० | श्री मिजरपानी देखि देउतीथान माथिल्लो दमाहाँखेत सिचाँई कुलो मर्मत योजना | | २००००० | २००००० |
| ४ | श्री भडाचौर गाउघर क्लिनिक निर्माण योजना | ३००००० | सुंङगरखालदेखी भडाँचौर खानेपानी मर्मत योजना | | ३००००० | ३००००० |
| ५ | रखाल टोल मोटर बाटो निर्माण योजना ठा गा पा ३ | ३००००० | मर्मत सम्भार | ३००००० | १००००० | ४००००० |
| ६ | छोरेखेत मुहान संरक्षण वडा नं १ | ५०००० | पिपलीरुख र खातीगाउँका लागि खानेपानी पाईप खरिद वडा न १ | १००००० | ०० | १००००० |
| ७ | पिपलीरुख खानेपानी मर्मत वडा नं १ | ५०००० | | | | |

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि देहाय अनुसारको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.स. | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | आगामी आर्थिक वर्षको राजस्व (आन्तरिक श्रोत, राजस्व बाँडफाँड, तथा अनुदान) को प्रक्षेपण र राजश्व अनुमान तयारी, | २०८३।०२।३० गतेभित्र | राजस्व परामर्श समिति | |
| २. | वजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार एवम् कुल वजेट अनुमान,सीमा निर्धारण र वजेट तर्जुमा सम्बन्धी | २०८३।०३।०२ गते | श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | |

तुलसी प्रसाद ... प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | मार्गदर्शन तयारी, | | | |
| ३. | विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने, | २०८३।०३।०३ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | गाउँपालिका स्थित विभिन्न राजनीतिक दल, वुद्दिजिवी तथा अन्य सरोकारवालाहरुसँग नीति तथा कार्यक्रम एवम् बजेट निर्माणका लागि राय, सल्लाह तथा सुझाव संकलन | २०८३ जेठ २८ गतेमा सम्पन्न भैसकेको | गाउँपालिका अध्यक्ष | |
| ५. | बस्ती/टोलस्तरको बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने एवम् बस्ती टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | मिति २०८३ बैशाख १७ गतेको निर्णयानुसार वस्ती तथा टोल भेला सम्पन्न गर्ने निर्णय भएको | वडा समिति र समितिका तोकिएका सदस्य एवम् वडा सचिव | |
| ६. | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०८३ आषाढ ५गते भित्र | वडा समिति तथा वडा कार्यालय | |
| ७. | गाउँपालिकामा कार्यरत विकास साझेदारहरुसँग छलफल | २०८३ जेष्ठ २८ गते भैसकेको | गैसस फोकल पर्शन | |
| ८. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण, विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण एवम् साङ्केतिकरण गर्ने | २०८३ आषाढ ६ गते देखि ऐ ७ गते भित्र | विषयगत समिति र शाखा प्रमुख | |
| ९. | नीति तथा कार्यक्रम तर्जुमा, | २०८३ आषाढ ८ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १०. | वार्षिक बजेट (राजस्व र व्यय) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने, | २०८३ आषाढ ८ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| ११. | विकास साझेदारका कार्यक्रमहरुलाई एकिकृत गरी समावेश गर्ने, | २०८३ आषाढ ८ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |

तुलसा प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२. | आर्थिक विधेयकको मस्यौदा तयार गर्ने, | २०८३ आषाढ ८ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १३. | विनियोजन विधेयक मस्यौदा तयार गर्ने, | २०८३ आषाढ ८ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १४. | मध्यमकालीन खर्च संरचना तर्जुमा, | २०८३ आषाढ ८ गते भित्र | मध्यमकालिन खर्च संरचना प्राविधिक समिति | |
| १५. | नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गर्ने | २०८३।०३।०९ गते | गाउँ कार्यपालिका | |
| १६. | नीति तथा कार्यक्रम र बजेट किताब तयारी | २०८२ असार ९ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख | |
| १७. | गाउँ सभाको १९ औं अधिवेशन बाट नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक गाउँ सभामा प्रस्तुत | २०८३ आषाढ १० गते | गाउँपालिका अध्यक्ष र उपाध्यक्ष | |
| १८. | गाउँ सभाको १९ औं अधिवेशन बाट नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयकमाथि छलफल तथा स्वीकृति | २०८३ आषाढ २७ गते भित्र | गाउँ सभा | |

<u>निर्णय नं ५</u>

प्रस्ताव नं ५ माथि छलफल गर्दा अन्य विविध समसायिक विययहरुमा देहाय अनुसार गर्ने निर्णय गरियो ।
क. विजारे धनकोट सडकको ट्र्याक ओपनका लागि रु ५ लाख विनियोजन भएकोमा प्राविधिक लागत अनुमानका आधारमा अपुग रु ५ आगामी आ व मा भुक्तानी हुने गरी सम्झौता प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत